**हिमालय फाईनान्स लिमिटेड सुन्धारा, काठमाडौंलाई समस्याग्रस्त वित्तीय संस्था घोषणा गरिएको बारे नेपाल राष्ट्र बैंकको सूचना**

हिमालय फाइनान्स लि. सुन्धारा काठमाडौको ०६९ आषाढ मसान्तको उपलब्ध अपरिष्कृत वित्तीय विवरणको आधारमा गरिएको स्थलगत निरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट पुंजीकोष ७.८२ प्रतिशतले ऋणात्मक रहेको, कतिपय ऋणीसंग सम्बन्धित कर्जा फाइलहरु निरीक्षणका बखत उपलब्ध गराउन नसकेको, कर्जा स्वीकृत/नवीकरण गर्दा मूल्यांकन/विश्लेषण गर्ने नगरेको, तमसुकमा साक्षी नराख्ने, कर्जा सूचना नलिने, व्याज पुरा असुल नगरी साँवा मै थप्दै जाने, सुरक्षणका रुपमा लिएको धितो कतिपय अवस्थामा दृष्टिवन्धक तमसुक नगरी ठाडो रोक्का मात्र गर्ने, केही ऋणीले कर्जा चुक्ता गर्नका लागि बुझाएको रकम ती ऋणीहरुको कर्जा खातामा जम्मा भएको नदेखिने लगायतका कारणले गर्दा संस्थामा कर्जा जोखिम उच्च रहेको र कर्जाको गुणस्तर अत्यन्त कमजोर रहेको कारण ठूलो परिमाणको कर्जा असुल हुन कठीन रहेको, यस बैंकको निरीक्षण टोलीलाई स्थलगत निरीक्षणका क्रममा आवश्यक कागजातहरु उपलब्ध गराउन नसकेको र वित्तीय विवरण प्राप्त नहुँदा समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन तयार गर्न कठीन रहेको, विगतमा पटक पटक यस बैंकबाट खटिएको निरीक्षण टोलीलाई आवश्यक कागजात, सूचना, विवरणहरु नदिई असहयोग गरेको, यस बैंकमा नियमितरुपमा पेश गर्नुपर्ने आवधिक वित्तीय विवरणहरु समयमा नपठाउने र पठाएकोमा गलत तथ्यांकहरु पठाएको, समय समयमा यस बैंकलाई उपलब्ध गराएको अनिवार्य नगद मौज्दात, वैधानिक तरलता अनुपात, अन्य बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात, ढुकुटीमा रहेको मौज्दात लगायतका विवरणहरु यस बैंकमा पेश गर्दा नियतवस गलत पठाउने गरेको देखिएको लगायतका कार्यहरु भए/गरेबाट नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, यस बैकबाट समय समयमा जारी भएका निर्देशनहरु उल्लंघन भएको, संस्थागत सुशासन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी गम्भीर कमजोरीहरु देखिएको, संस्थाका दर्जनौं पीडित नागरिकहरुले आफूले जम्मा गरेको बचत निक्षेप झिक्न जाँदा धाकधम्की दिई विभिन्न कुरा भनी ढाँटी निक्षेप फिर्ता नदिने गरेको जस्ता आरोप रहेकोले हिमालय फाइनान्स लि.पद्धतीगत असफलता (Systemic failure) तर्फ गइरहेको, संस्थामा देखिएका विविध समस्याका कारण संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारबाही सम्बन्धी विनियमावली, २०६४ को बुँदा (३) को खण्ड (ख) बमोजिम निक्षेप संकलन तथा कर्जा प्रवाहमा सीमा लगायतका कारवाही भएको र शीघ्र सुधारात्मक कारवाही पछि पनि संस्थामा देखिएका कमी कमजोरीहरुमा कुनै सुधार नआएकोले संस्थाको वित्तीय स्थिति थप नाजुक हुँदै गई संस्था स्वयम्, निक्षेपकर्ता, लगानीकर्ता, तथा अन्य सरोकारवालाहरु थप जोखिममा पर्नसक्ने अवस्था रहेकोले संस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख बमोजिम समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सोही ऐनको दफा ८६ग अनुसार समास्याग्रस्त भएको मितिदेखि ६ महिना भित्रमा सुधार गर्ने गरी देहाय बमोजिमका निर्देशनहरु दिइएको छ ।

१. संस्था सुधार सम्बन्धी TOR र जिम्मेवारी समेत तोकेर ३० दिनभित्र प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्न ।

२. यस बैंकको निर्देशन बमोजिम यस बैंकमा नियमित रुपमा पेश गर्नु पर्ने विवरणहरु १ (एक) महिनाभित्र सहि रूपमा पेश गर्ने व्यवस्था गर्न ।

३. ललितपुर शाखा लगायत अन्य शाखाहरु तथा संस्थाको समग्र यथार्थ वित्तीय स्थिति पत्ता लगाई यस बैंकमा पेश गर्न र बदनियतपूर्वक कार्य गर्ने कर्मचारीहरुलाई कर्मचारी विनियमावली तथा प्रचलित कानून बमोजिम कारवाही गरी जानकारी दिन ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५९ को उपदफा (२) बमोजिम आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र लेखापरीक्षण गराउनु पर्नेमा आ.व २०६८।६९ को लेखापरीक्षण

हालसम्म पनि सम्पन्न नभएको हुँदा यथाशीघ्र लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदन पेश गर्न ।

५. स्वतन्त्र लेखापरीक्षकबाट दुई महिनाभित्र मूल्याँकन लेखापरीक्षण अर्थात Due Diligence Audit (DDA) गराई पेश गर्न ।

६. यस बैंकको निर्देशन बमोजिम पुँजीकोष कायम गर्न ।

७. थप निक्षेप संकलन एवं नवीकरण नगर्न ।

८. थप कर्जा तथा जमानत प्रदान नगर्न ।

९. भाखा (म्याद) पुगेका एवं फिर्ता भुक्तानी गर्नुपर्ने निक्षेप फिर्ता गर्न । तर, दैनिक रु. दुई लाखभन्दा बढी निक्षेप वा दायित्व रकम भुक्तानी गर्दा यस बैंकबाट पूर्व स्वीकृति लिन ।

१०. नयाँ शाखा नखोल्न ।

११. यस बैंकको स्वीकृति बिना स्थिर सम्पत्ति खरीद वा बिक्री नगर्न ।

१२. संचालकको भत्ता तथा सुविधा एवं कर्मचारीको तलब भत्ता एवं अन्य आर्थिक सुविधा बृद्धि नगर्न ।

१३. यस बैंकको स्वीकृति बिना नयाँ कर्मचारी भर्ना नगर्न तथा कार्यरत कर्मचारीको बढुवा नगर्न ।

१४. निष्कृय कर्जाको अनुपात ५ प्रतिशतभन्दा तल ल्याउन ।

१५. लाभांश घोषणा वा वितरण नगर्न ।

१६. संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउन ।

१७. संस्थाको हरहिसाब तथा श्रेस्ता ठीक दुरुस्त राखी यस बैंकलाई सही तथ्यांक, सूचना र जानकारी उपलब्ध गराउन ।